गाउँसभाबाट पारित ऐन नं. १०

# भूमे गाउँपालिकाको

# प्रशासकीय कार्यविधि (नियमित गर्ने)

# विधेयक, २०७४

*गाउँसभाबाट स्वीकृत मितिः २०७४।१२।१७*

*प्रमाणिकरण मितिः २०७४।१२।१८*

**भूमे गाउँपालिका**
**रुकुम (पूर्व)**
**५ नं. प्रदेश, नेपाल ।**

**भूमे गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७४**

**प्रमाणीकरण मिति :** २०७४/१२/१७

**स्थानीय राजपत्रमा प्रकाशित मिति :** २०७४/....

## २०७४ सालको ऐन नं. १०

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम भूमे गाउँपालिकाको सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम भूमे गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ।

(२) यो ऐन भूमे गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले भूमे गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले भूमे गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले भूमे गाउँपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

(रामसुर बुढा मगर)
अध्यक्ष
मितिः २०७४/१२/१८

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त भूमे गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही भू गाउँ र कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ।

*नेपालको संविधानको धारा २२६ बमोजिम भूमे गाउँसभाबाट मिति .............. गते पारित यो विधेयक भूमे गाउँसभा सञ्चालन कार्यविधि, २०७४ को दफा ४७ बमोजिम प्रमाणिकरण गर्दछु ।*

...........................
रामसुर बुढा मगर
गाउँपालिका अध्यक्ष

(रामसुर बुढा मगर)
अध्यक्ष
मितिः २०७४/१२/१८